राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक
ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय बाणिज्य बैंक लि.
## केन्द्रीय कार्यालय
## ट्रेजरी बिभाग

च. नं. : ३१८

मितिः २०७८।०१।०९

श्री राष्ट्रिय बाणिज्य बैंक लि.
शाखा कार्यालय सबै ।

विषय : कतारी रियाल बैंक नोटहरु सटहि गर्ने सम्वन्धमा ।

महाशय,
उपरोक्त सम्वन्धमा नेपाल राष्ट्र बैंकको मिति २०७८।०१।०७ को इ. प्रा. परिपत्र संख्याः १३/२०७७–७८ बमोजिम कतारको केन्द्रिय बैंकले निष्काशन गरेका हाल चलनचल्तिमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंकनोटहरु उक्त बैंकले सन् २०२१ जुलाई १ पश्चात चलनचल्तिबाट हटाउने निर्णय गरेकोले प्रचलित व्यवस्था बमोजिम उक्त बैंकनोटहरु मिति २०७८ वैशाख २७ गते सम्म मात्र ग्रहकहरुबाट सटहि गरी २०७८ जेठ ७ गतेभित्र नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभाग वा बैंकिङ कारोबार गर्ने प्रदेश स्थित कार्यालयहरुमा दाखिला गर्नु हुनेछ र उक्त मिति पश्चात् त्यस्ता बैंकनोटहरु नेपाल राष्ट्र बैंकले स्वीकार नगर्ने व्यहोरा जानकारी गराउंदछौं ।

भवदीय,

(पवन रेग्मी)
विभागीय प्रमुख

बोधार्थः
१। ब्रान्च अपरेशन विभागः यो सूचना परिपत्र गरिदिनु हुन ।
२। सूचना प्रविधि विभाग : यस सूचना तथा यसैसाथ संलग्न नेपाल राष्ट्र बैंकको मिति २०७८।०१।०७ मा प्रकाशित सूचना वेबसाइटमा प्रकाशन गरिदिनु हुन ।

Central Office: Singha Durbar Plaza, G.P.O. Box 8368, Kathmandu, Phone: 4252595, Fax: 4252931, E-mail: central.office@rbb.com.np, web site : rbb.com.np, SWIFT: RBBANPKA

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : १३/२०७७-७८ मितिः २०७८/०१/०७

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू र इजाजतपत्रप्राप्त निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्वन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई देहाय बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को इ.प्रा. परिपत्र: २१/२०७६ मा देहाय बमोजिम दफा (५) थप गरिएको छ :**

**(५) चौथो संस्करणका कतारी रियाल बैंकनोटहरू सटही गर्ने सम्बन्धमा :**

कतारको केन्द्रीय बैंकले उक्त बैंकबाट जारी हाल चलनचल्तीमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंकनोटहरू सन् २०२१ जुलाई १ पश्चात् चलनचल्तीबाट हटाउने निर्णय गरेको हुँदा प्रचलित व्यवस्था बमोजिम उक्त बैंकनोटहरू **२०७८ वैशाख २७** गतेभित्र सटही गरी यस बैंकको बैंकिङ विभाग वा बैंकिङ कारोबार गर्ने प्रदेशस्थित कार्यालयहरूमा **२०७८ जेठ ७** गतेभित्र दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त मितिपश्चात् त्यस्ता बैंकनोटहरू स्वीकार गर्न यस बैंक बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायले यस सम्वन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको संलग्न बमोजिमको सूचना आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।
५. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
६. श्री नेपाल सरकार, बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
७. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
८. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
९. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
१०. श्री नेपाल सरकार, भन्सार विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

१२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
१३. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
१४. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग।
१५. श्री नेपाल बैंकर्स संघ।
१६. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन।
१७. श्री नेपाल वित्तीय संस्था संघ
१८. श्री नेपाल उद्योग वाणिज्य महासंघ।
१९. श्री नेपाल उद्योग परिसंघ।
२०. श्री विदेशी मुद्रा सटही व्यवसायी संघ नेपाल।

संलग्न:
यस बैंकबाट प्रकाशित सूचना : पाना २।

**Nepal Rastra Bank's Notice for Exchanging Fourth Edition Qatari Riyal Banknotes (First Published Date: 20 April 2021)**

As per the decision of Qatar Central Bank on withdrawal of Qatari Riyal banknotes of Fourth Edition from circulation after 1st July 2021, all concerned are hereby notified to exchange the banknotes within 10 May 2021 from Banking Department of Nepal Rastra Bank, Provincial Offices of Nepal Rastra Bank, licensed banks and financial institutions and licensed money changers dealing in convertible foreign currencies.

Nepal Rastra Bank
Central Office
Foreign Exchange Management Department
Contact Person: Mr. Manohar Shiwakoti, Deputy Director, Cell No: 9843645818

## चौथो संस्करणका कतारी रियाल बैंक नोटहरू सटही गर्नेसम्बन्धी

## नेपाल राष्ट्र बैंकको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/१/७ गते)

कतारको केन्द्रीय बैंकले निष्काशन गरेका हाल चलनचल्तीमा रहेका चौथो संस्करण (Fourth Edition) का कतारी रियाल बैंक नोटहरू उक्त बैंकले सन् २०२१ जुलाई १ पश्चात् चलनचल्तीबाट हटाउने निर्णय गरेको हुँदा आफूसँग भएका त्यस्ता नोटहरू २०७८ वैशाख २७ गतेभित्र प्रचलित व्यवस्था बमोजिम यस बैंकको बैंकिङ विभाग, बैंकिङ कारोबार गर्ने यस बैंकका प्रदेशस्थित कार्यालयहरू, विदेशी विनिमयको कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, वा परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजतपत्र प्राप्त मनिचेञ्जरहरूबाट सटही गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ।

उक्त मितिपश्चात् त्यस्ता बैंक नोटहरू सटही गर्न यस बैंकलगायत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र मनिचेञ्जरहरू बाध्य नहुने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

सम्पर्क व्यक्ति : श्री मनोहर सिवाकोटी, उप-निर्देशक, मोबाईल नं: ९८४३६४५८१८